# मुलखोला सामुदायिक वन उपभोक्ता समुह

लमही नगरपालिका वडा नं. ९, कोलतारा, देउखुरी, दाङ्ग

अध्यक्ष

बोलपत्रद्वारा काठदाउरा लिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०५/२५

मुलखोला सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ व.मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान, ढलापडा रुखहरु कटान तथा वन व्यवस्थापनबाट उत्पादन भई यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छसोही , अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोलेयो सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८३/०५।२५ गतेको गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको ११:०० वजे भित्र गोप्य सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदावारको विवरण

| क.सं. | लट | जात | ग्रेड | थान | कुल परिकाण (क्यु.फि.) | प्रति ईकाइ दर रु. | न्युनतम मुल्यांकन | धाड नं. | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०८२/०८३ | खयर | नन् | १७० | ११६.७४ | १००० | ११६७४०.०० | १.२,३,४,६,७,९,१० | RF र FT | २७९९७२.८० |
| २ | | असना | ए | ७ | ८७.३५ | ४०० | ३४९४०.०० | | | |
| ३ | | असना | बी | १२ | १०९.१ | ३०० | ३२७३०.०० | | | |
| ४ | | असना | सी | २६ | ११६.८ | १०० | ११६८०.०० | | | |
| ५ | | साल | ए | २ | ३२.४६ | १२५० | ४०५७५.०० | | | |
| ६ | | साल | बी | १५ | १०७.०७ | ९०० | ९६३६३.०० | | | |
| ७ | | साल | सी | ८१ | २८९.९९ | ६०० | १७३९९४.०० | | | |
| ८ | | साल | डी | ११ | १६.०८ | ३०० | ४८२४.०० | | | |
| ९ | | जामुन | सी | ४ | १३.१२ | १०० | १३१२.०० | | | |
| १० | | चिउरी | नन् | १ | २.२२ | १०० | २२२.०० | | | |
| ११ | | बर्रो | नन् | ४ | ३९.५३ | २०० | ७९०६.०० | | | |
| १२ | | कुसुम | नन् | ५ | ३६.८५ | १०० | ३६८५.०० | | | |
| १३ | | टिकै | नन् | ७ | ३२.५२ | १०० | ३२५२.०० | | | |
| | | जम्मा | | ३४५ | ९९९.८३ | | ५२८२२३.०० | | | |
| १३ | साल दाउरा | | चट्टा | | ३.७५ | १२००० | ४५०००.०० | | | |
| १४ | मिश्रित दाउरा | | चट्टा | | ४.२५ | ४००० | १७०००.०० | | | |
| | | | | | ८.०० | | ६२,०००.०० | | | |
| | | कुल जम्मा | | | | | ५९०,२२३.०० | | | |

# मुलखोला सामुदायिक वन उपभोक्ता समुह

लमही नगरपालिका वडा नं. ..., देउखुरी, दाङ्ग

१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०६/१४ (ख) समय :- दिनको ठीक ५:०० वजे सम्म (कार्यालय समय भित्र)।

२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०३/१५ (ख) समय :- दिनको ठीक ११.०० वजे सम्म ।

३) बोलपत्र फारम प्रति लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय तथा डिभिजन वन कार्यालय, दाङ देउखुरी बाट खरिद गरी समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

४) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको कृषि विकास बैंक,घोराही शाखा, घोराहीमा रहेको चल्ती खाता नं. ०९१९४००४१६८७९०१४ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ६ महिना म्याद कायम रहेको सक्कल वैंक जमानत/ग्यारेन्टि पेश गरेको हुनु पर्नेछ ।

५) लिलाम विक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६) लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७) निर्धारित गरिएको न्यूनतम संख्याको र रीतपुर्वक पर्न आएका सवै बोलपत्रहरु मिति २०८३/०६/१५ गते दिउँसो १२.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको र टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको मुल्याङ्कन समितिमा हुनेछ ।

११) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा क्रमशः सोहि बमोजिम हुनेछ ।

१२) खाम सिलवन्दी नभइ प्राप्त हुन आएको वोलपत्र मान्य हुने छैन।

१३) एउटै व्यक्तिले एउटै फर्मको निवेदन लिएर माग गरेको लट अनुसारको १ वटा टेण्डर फाराम माग तथा खरिद गर्न पाउने छ । फर्मको सक्कल आधिकारिक प्रतिनिधि पत्र वा नोटरी पब्लिक वाट प्रमाणित प्रतिलिपी पेश गरे पश्चात् मात्र टेण्डर फाराम उपलवध गराइने छ ।

१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१५) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।